# केन्द्रिकृत र सरकारी संरक्षित क्षेत्र घोषणा र विस्तार रोकौं ।
# सामुदायिक वनका माध्यमबाट वन, वातावरण र जैविक विविधताको संरक्षण गरौं ।

नेपालमा हाल २० वटा संरक्षित क्षेत्र (१२ वटा निकुञ्ज, २ वटा आरक्ष, ६ वटा संरक्षण क्षेत्र र १३ वटा मध्यवर्ति क्षेत्र), ११ वटा वनस्पति उद्यान, १० वटा अन्तर्राष्ट्रिय सिमसार क्षेत्र, ८ वटा संरक्षित वन र २ वटा प्राणी उद्यानहरू रहेका छन् भने सम्पूर्ण चुरे क्षेत्रलाई ओगट्ने गरी घोषणा गरिएको वातावरण संरक्षण क्षेत्र रहेको छ । यी विभिन्न नामका संरक्षित क्षेत्रहरुले नेपालको लगभग ४६ प्रतिशत भन्दा धेरै भू-भाग ओगटेका छन् । यी सबै संरक्षित क्षेत्रहरू स्थानीय समुदायले संरक्षण गर्दै आएका सामुदायिक वनहरू उपभोक्ता समूहबाट खोसेर केन्द्रिकृत सरकारी नियन्त्रणमा ल्याउने गरी घोषणा वा विस्तार गरिएका हुन् । यी संरक्षित क्षेत्रहरूका कारण सामुदायिक वन र वनमा आश्रित समुदायहरूको परम्परागत तथा प्रथाजनित अधिकारमा तल उल्लेख गरिए अनुसार विभिन्न गम्भिर आघातहरू पर्दै आएका छन् । त्यसैले सामुदायिक वन तथा समुदायमा आधारित वन व्यवस्थापनको अधिकार विरोधी यस्ता केन्द्रिकृत संरक्षित क्षेत्रहरूको घोषणा र विस्तार रोकी सामुदायिक वन र समूदायमा आधारित परम्परागत अभ्यासका माध्यमबाट नै वन, वातावरण र जैविक विविधता संरक्षण गरौं भनी यो आव्हानपत्र सार्वजनिक गरिएको छ ।

## मानव अधिकारको हनन्

नेपालका राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र र मध्यवर्ति क्षेत्रका प्राकृतिक स्रोतमा जीवन निर्भर रहेका नागरिकहरू खासगरी वनस्रोत माथिको पहुँचको अधिकारबाट बञ्चित् हुँदै आएका छन् । त्यस्तै यस्ता संरक्षित क्षेत्रहरुमा एकातर्फ नियमित रुपमा नागरिकहरूको मानव अधिकार हनन् हुँदै आएको छ भने अर्कोतर्फ खासगरी सरकारी नियकाहरूबाट मानव अधिकार उल्लंघनका गंभिर घटनाहरुमा निरन्तर वृद्धि भइरहेको छ । वन, वातावरण र जैविक विविधता संरक्षणको अभियानमा लागेका हजारौ महिलाहरूको स्वतन्त्र रुपमा बाच्न पाउने अधिकार खोसिएको छ । वन संरक्षणमा लागेका महिलाहरूलाई विभिन्न खालका दुरव्यवहार भैरहेका छन । संरक्षित क्षेत्रसम्बन्धी नेपालको कानूनमा खासगरी स्थानीय समुदायको अधिकारसम्बन्धी व्यवस्था नहुनु र पञ्चायतकालिन केन्द्रिकृत सौंच हावी हुनु नै मानव अधिकार उल्लंघनको प्रमुख कारण रहेको छ । त्यसैले संरक्षित क्षेत्र सम्बन्धी विद्यमान मानव अधिकार विरोधी कानून (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९) खारेज गरी संरक्षित क्षेत्रमा स्थानीय समुदायको सामुदायिक अधिकार सहितको नयाँ कानून तर्जुमा गर्नु आवश्यक छ । किनकी, संरक्षित क्षेत्रका नाममा मानव अधिकार विरोधी कानून र केन्द्रियता स्वीकार्य हुन सक्दैन ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको अबमूल्यन

नेपालको संरक्षित क्षेत्रसम्बन्धी कानून (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९) र सो अन्तर्गत बनाइएका १२ नियमावलीहरू जैविक विविधता सम्बन्धी अन्तराष्ट्रिय कानून (जैविक विविधता महासन्धि १९९२) र नेपालको संविधानमा व्यवस्था गरिएका राज्यका नीतिहरू विपरित रहेका छन् । जैविक विविधता महासन्धि १९९२, सो अन्तर्गतको आनुवंशिक स्रोतमा पहुँच र लाभको बाँडफाँडसम्बन्धी नगोया अभिसन्धि २०१० र महासन्धिका सदस्य राष्ट्रहरूको सम्मेलनका निर्णयहरूमा आदिवासी र स्थानीय समुदायद्धारा व्यवस्थापन गरिएका सामुदायिक वन लगायतका सामुदायिक संरक्षण क्षेत्रलाई पनि संरक्षित क्षेत्रको रूपमा मान्यता दिनुपर्ने व्यवस्था गरिएको छ । यद्यपि, नेपालमा भने सामुदायिक संरक्षण क्षेत्र स्थापना र घोषणा गर्ने स्थानीय समुदायको प्रयासलाई हतोत्साहन गरिदै आएको छ । अन्तर्राष्ट्रिय कानूनको मर्म आदिवासी र स्थानीय समुदायको ज्ञान र अभ्यासमा आधारित छ । त्यसैले जैविक विविधतामाथिको सामुदायिक अधिकारमा धावा बोल्ने किसिमले नेपालमा गरिदै आएको अन्तर्राष्ट्रिय कानूनको अपव्याख्या अमान्य रहेको छ ।

## अन्तर्राष्ट्रिय लक्ष्य विपरितको कदम

जैविक विविधता सम्बन्धमा घोषण गरिएका अन्तराष्ट्रिय लक्ष्यहरु (अइची टारगेट २०१०-२०२०) को लक्ष्य ११ मा सन् २०२० सम्ममा विश्वव्यापी रुपमा १७ प्रतिशत भू-भागमा संरक्षित क्षेत्र घोषणा गर्ने लक्ष्य लिइएको छ । तर नेपालले मानव अधिकार र प्राकृतिक स्रोतमाथिको सामुदायिक अधिकारको उल्लंघन गर्दै सेनाको नियन्त्रणमा रहने गरी लगभग २५ प्रतिशत भू-भाग र अन्य केन्द्रिकृत सरकारी नियन्त्रणमा रहने गरी लगभग २१ प्रतिशत भू-भागलाई संरक्षित क्षेत्रमा परिणत गरी केन्द्रिकृत शासन लाद्ने कार्य गर्दै आएको छ । त्यसैले नेपालमा अब थप तथा अतिरिक्त केन्दि्कृत संरक्षित क्षेत्र घोषणा वा विस्तार गर्नु भनेको अन्तर्राष्ट्रिय लक्ष्य र मान्यता विपरित रहेको छ । यस्तो अवस्थामा केन्द्रिकृत र सरकार नियन्त्रित संरक्षित क्षेत्र घोषणा र विस्तार गर्ने कार्य तत्काल रोक्नु पर्दछ । नेपालमा जैविक विविधताको सामुदायिक संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समूहको रूपमा रहेको स्थानीय समुदाय सक्षम छन् भन्ने कुरा प्रमाणित भइसकेको छ । त्यसैले जैविक विविधताको सामुदायिक संरक्षणलाई विश्वव्यापी लक्ष्यसँग एकाकार गरौं । अन्तर्राष्ट्रिय लक्ष्यको अपव्याख्या नगरौ र केन्द्रिकृत संरक्षित क्षेत्र घोषणा र विस्तार गर्ने ऐतिहासिक गल्ति नदोहोऱ्याउँ ।

## राष्ट्रिय नीति तथा प्रतिवद्धताको बेवास्ता

नेपालको वन नीति २०७५, जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४-२०२०) र नेपालको दिगो विकाससम्बन्धी भावी मार्गचित्र

(२०१६-२०३०) आदि नीतिगत दस्तावेजहरूमा नयाँ संरक्षित क्षेत्रहरूको घोषणा र विस्तार नगरिने प्रतिवद्धता जनाइएको छ । यी नीतिगत दस्तावेजहरुमा स्थानीय समुदाय र सामुदायिक वनका माध्यमबाट नै जैविक विविधताको संरक्षण गरिने व्यवस्था गरिएको छ । तर सोको विपरित निरन्तर रूपमा सरकार नियन्त्रित र केन्द्रिकृत किसिमका नयाँ संरक्षित क्षेत्र घोषणा र विस्तार गरिदै आएको छ, जुन कुरा स्थानीय समुदायका लागि मान्य र स्वीकार्य हुन सक्दैन ।

## झुट्टा तथा गलत आश्वासन र जनजीविकाका स्रोतबाट बञ्चितीकरण

संरक्षण क्षेत्र घोषणा पश्चात् पर्यटनको विकास भई विकासको कायापलट हुन्छ भनी स्थानीय समुदायलाई गलत र झुठ्ठा आश्वासन दिइदै आएको छ । यही झुट्टा तथा गलत आश्वासनका माध्यमबाट स्थानीय समुदायको हित, चाहना र इच्छा विपरित संरक्षण क्षेत्र घोषणा गराउनका लागि सरकारी निकाय, राजनीतिक दल, नीति निर्माता, केही संघ संस्था र निजी क्षेत्रले समेत दवाव दिदैं आएका छन् । यसरी दवावका आधारमा संरक्षित क्षेत्र घोषणा वा विस्तार गरेपश्चात् संरक्षित क्षेत्र सञ्चालनको ठेक्का सरकारी संस्था र अन्तर्राष्ट्रिय संघ संस्थालाई दिई स्थानीय वासिन्दालाई जीविकोपार्जनका स्रोतमाथिको पहुँच र अधिकारबाट बञ्चित गर्दै निरन्तर रूपमा सरकारवादी फौज्दारी मुद्दा लगाईदै आएको छ, जसका कारण हाल संरक्षित क्षेत्रका हजारौ गरिव विपन्न तथा महिलाहरू जीविकाका स्रोतहरू उपयोग गर्ने क्रममा सरकारवादी फौजदारी मुद्दाको चंगुलमा परी कैदको सजाय भोग्न र जेलमा बस्न बाध्य भएका छन् । यसरी राज्यले घोषणा र विस्तार गर्ने संरक्षित क्षेत्रहरू स्थानीय समुदायका लागि समृद्धिको आधार नभई कैदखानाको रूपमा रहेका छन् । त्यसैले यस्ता केन्द्रिकृत र राज्य नियन्त्रित सरकारी संरक्षित क्षेत्रहरूको घोषणा र विस्तार अबिलम्ब रोक्नु पर्छ र हालसम्म घोषणा र विस्तार गरिएका संरक्षण क्षेत्रहरू स्थानीय समुदायलाई हस्तान्तरण गर्नु पर्दछ ।

## सामुदायिक हित विपरित संरक्षित क्षेत्रको व्यावसायीकरण

राज्यले घोषणा गरेका संरक्षित क्षेत्रहरूमा खासगरी अन्तर्राष्ट्रिय संस्थाका व्यक्तिहरू, अवकाशप्राप्त उच्च सरकारी व्याक्तिहरू, सुरक्षा निकायको उच्च ओहदा ओगटेका व्यक्तिहरू, नवधनाढ्य, दलाल पूँजीपति, उच्च घरानीया वर्ग, कालो धनवाला, अकुत सम्पत्तिवाला र विचौलीयाहरूको मिलेमतोमा पर्यटन व्यावसायका नाममा संघीय सरकारबाट तथाकथित अनुमतिपत्र (लाइसेन्स) लिई संरक्षित क्षेत्र ओगट्ने कार्य गरिदै आएको छ । यी बाह्य पक्षहरूले संरक्षित क्षेत्र ओगटेपछि स्थानीय समुदायलाई संरक्षित क्षेत्रका वनस्रोतमाथिको आधारभूत पहुँचको अधिकारबाट समेत बञ्चित गरिदै आएको छ । यसरी संरक्षित क्षेत्र घोषणा र विस्तार गर्नुको मुख्य उद्देश्य जैविक विविधताको संरक्षण गर्नु भन्दा पनि यस्ता क्षेत्रहरूमा बाह्य पक्षलाई मुनाफा कमाउनका लागि व्यावसायिक लगानीको वातावरण सिर्जना गर्नु र जैविक विविधतामाथिको स्थानीय समुदायको अधिकार खोस्नु रहेको छ । त्यसैले यस्ता सामुदायिक हित विपरितका र व्यावसायिक प्रकृतिका संरक्षित क्षेत्र स्थानीय समुदायका लागि स्वीकार्य नहुने भएकोले केन्द्रिकृत संरक्षित क्षेत्र खारेज हुनु पर्दछ ।

## हाम्रो अवधारणा र अडान

विगतमा नाङ्गो र विनाश भएको भू-भागलाई स्थानीय समुदायको पहलमा सामुदायिक वनको माध्यमबाट संरक्षण गरी जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण क्षेत्रको रूपमा स्थापित भएका सामुदायिक वनहरुमा नै सरकारी सरक्षित क्षेत्र घोषणा वा विस्तार गर्ने कार्य हुँदै आएको छ । यसरी सामुदायिक वनको अस्तित्व समाप्त गरी सरकारी संरक्षण क्षेत्र घोषणा वा विस्तार गर्ने कार्य सामुदायिक वन उपभोक्ता समूहका साथै स्थानीय समुदायका लागि मान्य हुन सक्दैन । जैविक विविधता संरक्षणका लागि समुदायको परम्परागत अभ्यास सहितका सामुदायिक वन नै उत्कृष्ट नमूना भएकोले सोको विरूद्ध सरकारी संरक्षण क्षेत्र घोषणा र विस्तार गर्नु संरक्षणमा प्रतिगमन हुनु हो ।

जैविक विविधता संरक्षणको क्षेत्रमा आदिवासी र स्थानीय समुदायको मानव अधिकार, न्याय र पहुँचको सुनिश्चितताका लागि हालको मानव अधिकार विरोधी तथा अन्तराष्ट्रिय कानून र संविधान विपरितको पञ्चायतकालिन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ खारेज गरी सामुदायिक अधिकार र सामुदायिक संरक्षण क्षेत्रको मान्यता सहितको नयाँ कानून तर्जुमा गर्नु आवश्यक रहेको छ । यसका साथै सामुदायिक वनलाई जैविक विविधता संरक्षणको मुख्य आधार बनाई नयाँ संरक्षित क्षेत्र घोषणा र विस्तार तत्काल रोक्नु पर्दछ भन्ने हाम्रो स्पष्ट अवधारणा र अडान रहेको छ । त्यसैले केन्द्रिकृत र सरकारी संरक्षित क्षेत्र घोषणा र विस्तार रोकौं, सामुदायिक वनको अभ्यासका माध्यमबाट वन, वातावरण र जैविक विविधताको संरक्षण गरौं ।

जेष्ठ, २०७६


**सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल**

राष्ट्रिय महासंघको सचिवालय,

चाँगुनारायण नगरपालिका -२, दुवाकोट, भक्तपुर, नेपाल

पो.ब.नं. ८२१९, फोन नं. ९७७-१-६६१६४०८, ६६१६४२१, फ्याक्स : ९७७-१-६६१६४२७

ईमेल : info@fecofun.org.np, वेवसाइट : www.fecofun.org.np